# नेवाहाङ राईहरूको संस्कार "कुलपितृ खामाङ" को उपादेयता

**भीमा नेवाहाङ राई**
<bhimarai113@gmail.com>

**लेखसार**

*खामाङ किरात राई समुदायभित्रको नेवाहाङ राईहरूले पुज्ने कुल हो । प्रस्तुत लेखमा किरात नेवाहाङ राई जातीहरूको पितृपूजा "खामाङ" को बारेमा अध्ययन गरिएको छ । यसलाई हेर्ने विभिन्न पक्षहरूमध्ये यो संस्कार पूर्खाहरूको सम्मान र प्रकृतिप्रतिको पूर्ण आस्था जनाउने संस्कार हो भनी यस लेखमा विश्लेषण गरिएको छ । यसमा खामाङसँग सम्बन्धित पूजन गर्ने विधि, रीतिथिती, खानपान प्रकृतिमैत्री रहिआएको र परम्परागत जीवनशैली वर्तमान परिप्रेक्ष्यमा कति वैज्ञानिक छ भनेर तर्क पेस गर्ने प्रयास गरिएको छ । यस समुदायले परापूर्वकालदेखि अङ्गाल्दै आएको कुल संस्कार संस्कृतिभित्रको एक महत्त्वपूर्ण कुलपितृ खामाङका व्यवहारिक, सामाजिक, भावनात्मक, दार्शनिक पक्षहरूलाई उजागर गरी यस लेखलाई सामाजिक, प्राकृतिक र मनोवैज्ञानिक सिद्धान्तको आधारबाट व्याख्या र विश्लेषण गरिएको छ । यो एक सामाजिक, परम्परागत रहनसहन, जीवनयापनसँग सम्बन्धित, आस्था र विश्वासमा आधारित सम्पूर्ण जीवनपद्दति अङ्गीकार गरिएको मूर्त र अर्मूत दुवैको प्रतिविम्ब झल्काउने 'खामाङ' मुन्दुमलाई गुणात्मक अनुसन्धान विधिद्वारा सघन रूपमा विश्लेषण र अर्थपूर्ण रूपमा व्याख्या गरिएको छ । नेवाहाङ समुदायका जातिहरू देश परदेशमा बसाइँ सर्दै रोजगारीको सिलसिलामा टाढाटाढा रहनुपर्ने वैश्विक परिस्थिति अनुरूप आफ्नो भाषा, संस्कृति संरक्षण तथा प्रवर्धन गर्नुका साथै यस समुदायको उदीयमान भाबी सन्ततिहरू माझ खामाङको खास उपादेयतालाई दर्शाउन यस लेखको मुख्य उद्देश्य रहेको छ । यस समुदायमा प्रचुर मात्रामा लोकवार्ता, किरात इतिहासका जीवन्त अंश संस्कृति र परम्पराहरू विद्यमान छन् । जे जति अध्ययन गरिएका छन् ती पर्याप्त छैनन् र वैज्ञानिक पद्दतिमा छैनन (राई, २०७८) । उनीहरूले मनाउँदै आएको खामाङ पितृसम्बन्धी गहिराइमा अध्ययन गरिएको नपाइएकाले यस बारेमा सामाजिक मूल्य, मान्यता, विश्वास, जीवनदर्शन, मुन्दुम साहित्य, धर्म संस्कृतिको संरक्षणमा विशेष टेवा पुग्ने अपेक्षासमेत राखिएको छ । लिखित रूपमा ऐतिहासिक दस्तााबेजहरूको अभाव भइरहेको अवस्थामा देश परदेशबाट निरन्तर माग आइरहेको हुँदा यस कार्यले नेवाहाङ राईहरूको कुलसंस्कार संस्कृति खामाङ पितृलाई अक्षुण्ण राख्न अवश्य मदत गर्ने आशा पनि राखिएको छ ।*

**शब्दकुञ्जीः** खामाङ्, मुन्दुम, पितृपूजा, वचिप्पा, चुला, विछु, सिया ।

## विषयपरिचय

किरात जातिहरू नेपालका प्राचीन आदिवासीहरू हुन् भन्ने कुरा विभिन्न पुस्तक, ग्रन्थहरूको अध्ययनमार्फत सबैलाई सर्वविदितै छ । किरात राईहरू ऐतिहासिककालदेखि वर्तमानसम्म आफ्नै

मौलिक संस्कृति र पहिचानसहित विभिन्न ठाउँमा बसोबास गरी जीवनयापन गर्दै आइरहेका छन् । वास्तवमा गोपाल वंशीहरूले गाई पालनद्वारा सुरू गरेको पवित्र भूमि नेपाललाई किरातीहरूले व्यवस्थित कृषि कर्ममा डोऱ्याएका हुन् (शर्मा, २०३९, पृ. १२१) । उनले उल्लेख गरेअनुसार नेवाहाङ स्पष्ट रूपमा राई जातिभित्र पर्ने एक जाति हो (शर्मा, २०३९, पृ. २६०) । त्यसैगरी नेवाहाङहरू यिकुहाङका सन्तानहरू माङतेवामा बसोबास गर्दछन् भनेर नेवाहाङको इतिहास लेखन पुस्तकमा उल्लेखित छ (राई, २०७८) । अरूण नदीको पिछा गर्दै जाँदा उनीहरूको बसोबास हालको भोजपुर जिल्लाको नेपालेडाँडा अर्थात् मझुवा बेसी र सङ्खुवासभा जिल्लाको हालको सिलिचोङ्ग गाउँपालिका, माङतेवाबाट फैलिएर याफू छोयेङ्ग, बाला, शिशुवा, धुपू, गैरीआङ्ला, पाङ्मा, दिदिङ, चैनपुर आदि ठाउँतिर यत्रतत्र छरिएर बस्न थालेका हुन् । भौगोलिक रूपमा नेवाहाङ राईहरूको विशेष फैलावट सङ्खुवासभा जिल्लाको माङतेवाबाटै भएको हो भनी किराती जीवित नेवाहाङ राईका पूर्खाहरूको भनाइ रहेको पाइन्छ । किराती सन्तान नेवाहाङ राईहरूको विशेष मुन्दुम "खामाङ" एक महत्त्वपूर्ण मुन्दुम हो । पितृहरू नै सर्वोच्च शक्ति हुन् भन्ने मान्यतामा आधारित यो खामाङ पुज्नु नेवाहाङहरूको पहिचान हो खामाङ नपुज्दा यस भेगका नेवाहाङहरूको पहिचान अधुरो र अपुरो हुन्छ । यहाँ नेवाहाङ कै मुन्दुम "खामाङ" विषयमा विशेष चर्चा गरिने छ । यस जातिमा जीवित मुन्दुम, प्राक्इतिहास, प्राचीन, लोक कथा, मिथक, गीत, उखान टुक्काहरूको अध्ययनको पनि आवश्यकता टड्कारो देखिएको छ (राई, २०७८) । यस कार्यबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा नेवाहाङहरूको सामाजिक मूल्य मान्यता, विश्वास, जीवनदर्शनको पनि समीक्षा हुने छ यसका साथै आगामी दिनहरूमा नेवाहाङ राईहरूको बारेमा खोज अनुसन्धान गर्न चाहनेहरूका लागि पनि ठुलो टेवा पुग्ने देखिन्छ ।

## अध्ययन विधि

यो एक विषयगत (Subjective) र गुणात्मक (Qulitative) अध्ययन विधिद्वारा गरिएको अनुसन्धान भएको हुँदा यसमा सामाजिक भौतिक, दार्शनिक, प्राकृतिक, सैद्धान्तिक र मनोवैज्ञानिक दृष्टिकोणहरूबाट हेरिएको छ । मार्‍या (२०१४) ले उल्लेखित भिगोत्सी (1896-1934) अनुसार सामाजिक विकासको प्रक्रियामा सांस्कृतिक अन्तर्क्रियात्मक पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । मानिसहरूले समाजलाई कसरी बुझ्छन् र अध्ययन गर्छन् भनी एक अनुसन्धाताले खोज गर्दछ । (Denzin & Linwin, 2005) । यसै सैद्धान्तिक आधारमा विभिन्न स्थानहरूमा प्रत्यक्ष संलग्न भई व्यक्तिगत आन्तर्वार्ता, समूह छलफल सञ्चालन गरिएको छ साथै पितृ पूजास्थलमा प्रत्यक्ष संलग्न भई टिप्पणी गरिएको छ । यस अध्ययनको क्रममा नेवाहाङ पुर्खाहरू, नेवाहाङहरूको बस्ती निश्चित ठाउँहरूमा मात्र छन त्यसैले उनीहरू रहेको विभिन्न ठाउँहरूमा गएर जस्तै धरान उ.न.पा २० भालढुङ्गा, प्रकाशपुर, मोरङ्ग पथरी शनिश्चरे र इटहरीका मुन्दुमी व्यक्तिहरू र पुर्खा स्रोत व्यक्तिहरू, भाषाविद्हरू, वक्ता समूहहरूसँग छलफल, अन्तर्वार्ता, अन्तर्क्रिया स्थलगत रूपमा अनौपचारिक रूपमा कुराकानी सञ्चालन गरिएको छ साथै यससँग सम्बन्धित पूर्वसाहित्यहरू जस्तै पत्रपत्रिका, लेख, पुस्तक मुन्दुम, भाषा, इतिहास र संस्कृतिसम्बद्ध पूर्व प्रकाशित अभिलेहरू तथा जर्नल आदिको अध्ययन गरी तुलनात्मक अर्थ विश्लेषण र व्याख्या गरी निश्कर्ष निकालिएको छ ।

## खामाङः सङ्क्षिप्त विवरण

खामाङ किरात जातीभित्र पर्ने नेवाहाङ राईहरूको एक महत्त्वपूर्ण मुन्दुम हो । यो खामाङ मुन्दुम विशेष गरी सङ्खुवासभा थातथलो रही आएका नेवाहाङहरूको निम्ति एक अनिवार्य कुल पितृपूजा कार्य हो र यो एक अनिवार्य जस्तै परम्परागत संस्कृति र संस्कार पनि हो । सङ्खुवासभाका माङतेवा, याफू, छोयेङ, वाला, शिशुवा, दिदिङ, गैह्री आङला, धुपु आदि ठाउँहरूमा बसोबास गर्ने सम्पूर्ण नेवाहाङहरूले पुज्ने गर्दछन् र हाल बसाइँसराइका कारण झापा, मोरङ, सुनसरी, इलाममा समेत नेवाहाङहरूले पुज्ने गर्दछन् । प्रत्येक जातिको कुलपूजा गर्ने आआफ्नै धर्मअनुसारको नीति नियम र संस्कार हुन्छ । यो किरात नेवाहाङहरूको एक ऐतिहासिक चाड जस्तै हो । किनभने सम्पूर्ण दाजुभाइहरूको भेला हुने र घरको पितृहरूको सम्झना गरिने भएकाले यसमा आफ्नो पितृ पुर्खाहरूको नाममा आत्मलाई शुद्धीकरण गरिन्छ । यस कार्य गर्दा जति गरिब भएता पनि नयाँ चामलको अक्षता, अदुवा, जाँड तोङ्बा चढाएकै हुनुपर्दछ । परापूर्वकालदेखि कुखुराको भाले चढाउँदै आएको यो जातिले घरमा अनुकूल हेरेर कुनै वर्ष सियाखोङ, विछुखोङ अर्थात् चामल अदुवा मात्र पनि चढाउन सक्छ । यो भनेको नयाँ बाली फल्यो, अब हामी तपाईँ पितृहरूलाई चढाएर ग्रहण गर्दैछौँ वा ग्रहण गर्ने अनुमति माग्दछौँ । हामीलाई यी नयाँ अन्नबाली भोजन ग्रहण गर्नका लागि आशीर्वाद दिनुहोस् भनेर पितृहरूको मान्यता राखी राख्ने यो एक ऐतिहासिक परम्परागत कुलसंस्कार अनुष्ठान हो । किरात याङतापाहाङ राजाको ऐतिहासिक किपट वा थलो माङतेवा मूलगाउँ साखेवाथानमा उनका ५ भाइ मूल सन्तानहरूको नाममा गाडिएको ५ ऐतिहासिक ढुङ्गाहरू अलिखित इतिहासको रूपमा छँदैछन् (अब दिनदिनै हराएर जाने जोखिमा परिसकेका छन्) जहाँ किरात नेवाहाङहरू वर्षेपिच्छे भेला भई सामूहिक रूपमै पितृपूजा साखेवा पूजा पुज्दछन् । यो साखेवा चाहिँ नेवाहाङहरूको सामूहिक पूजा विधि हो भने खामाङ चाहिँ प्रत्येक वर्ष नयाँ अन्न बाली पाकेर भित्त्याउँने वित्तिकै प्रत्येक घरमा गरिने व्यक्तिगत घरको पूजा हो । घरको घरमूली पापा (बुबा) बस्ने सिधा माथि शिरमा राखिएको हुन्छ, जहाँ थानको मुन्तिर भागमा आफ्नै कुल या वंशका दाजुभाइ मात्र बस्न हुने प्रचलन छ । विशेष गरी खामाङ पुज्ने नेवाहाङहरूको घरमा बाख्रा खानेहरूलाई यो ठाउँ वर्जित जस्तै हुन्छ । यो खामाङ पितृपूजा गर्नु किरात नेवाहाङ राईहरूको पहिचान पनि हो ।

## खामाङ र प्रकृतिबिचको तादाम्यता

नेवाहाङहरू किन खामाङ गर्दछन् र यसको प्रकृतिसँग केकस्तो तादाम्यता छ भनी विश्लेषण हालसम्मको कुनै लेखमा उठान गरिएको पाइँदैन । यसको सांस्कृतिक पक्षमा धेरै कुराहरू गर्न सकिन्छ तथापि यो लेखको आशय भने यसको प्रकृतिसँग तादाम्यता खोज्नु रहेको छ । ठुला-ठुला वन जङ्गल झोडीहरू  कसले सुरूमा फाँडे होलान् त भन्ने प्रश्न पनि मनमा कहिले कहिले उब्जन्छ । कृषिविद् मदन राई भन्छन्, "हाम्रा पूर्खाहरू ले करोडौँका यी खेतका गराहरू सृजना गरेर गए कसले गरे त ? पक्कै हाम्रै पिता पूर्खाहरूले नै गरेर गएका हुन् ।"  ऐतिहासिककालदेखि किरातको पहिचान वन जङ्गल घुम्नु, धनुकाँड हान्नु र सिकार खेल्नु हो भन्ने विभिन्न ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । त्यसैले यिनका सन्तानमध्येका नेवाहाङहरू  प्रायः प्रकृतिमै रमाएर वनजङ्ल घुम्ने, आफ्नै सूचीखेती गर्न बढी रूचाउँछन् । पशुपालन, आफ्नै खोरिया फाँडने, खेतीपातीमा रमाउने गर्दछन् । उनीहरूले मनाउने चाडपर्वहरू पनि प्रकृति, मौसमसँगै सम्बन्धित हुन्छन् । उधौली र उभौलीले वास्तवमा

अन्नबाली लगाउने मौसमकै सङ्केत गर्दछ । उनीहरू जे कुरामा विश्वास गर्छन्, त्यसैलाई नै देवता मानेर पुज्दछन् । चुला पुज्ने, खामाङ पुज्ने, उभौली, उधौली, सिमेभुमे, चावा, साखेवा, भुँइ पूजा, यी सबै प्रकृतिसँगै मेल खान्छन् । बाँदर देउ, सापदेउ आदि पुजेकोबाट पनि हामी अनुमान लगाउन सक्छौँ कि यो समुदाय प्राणीहरूप्रति पनि उत्तिकै सहृदयी अनि जिम्मेवार छन् । आदिवासी नेवाहाङ राईहरूको ज्ञानको मूल जरा प्रकृतिसँगै सम्बन्धित रहेको छ । विशेष खामाङको दिन पाक्ने खानाको परिकारबाट पनि त्यतिकै उपयोगी र प्राकृतिक छ भन्ने थाह लाग्छ । यस दिन अदुवा अनिवार्य चढाउने गरिन्छ । घरमा अदुवाको बास्ना हरर आउँदा इष्ट मित्रहरूको आगमनले सबको मनमा एक किसिमको भावनात्मक सम्बन्धको साङ्केतिक भाइ बन्धुत्व मिलनको आभास दिन्छ ।  अदुवा जाडोको समयमा एकदम लाभकारी जडीबुटी वा घरेलु औषधि पनि हो । हरियो पात र हाँगाबिँगासहित फैलिएको जरासहितको अदुवा चामलसँग चिन्डोमा सजाइन्छ । जाँड र तोङ्वा काठ वा बाँसको ढुङ्ग्रोमा राखेर अदुवा र कोदोको जाँडको मिठो सुगन्धले घर भरिपूर्ण हुने गर्छ । अदुवा, वाचिप्पामा अनिवार्य राखिन्छ, त्यस्तै गरी प्रशस्त टिम्मुर पनि वाचिप्पामा अनिवार्य राखिन्छ वाचिप्पा भन्नाले खिचडी हो, जसमा चामल, अदुवा, कुखुराको तिते, वेसार, नुन र पिरो खुर्सानी आदि राखेर बनाइने यो एक अनिवार्य परिकार हो । यी परिकारलाई चमलाको पातको हरियो दुनामा पस्काएर दिइन्छ । वातावरणमैत्री यी खानाका परिकार, सुगन्धित अदुवाको बास्ना, महको प्रयोग, तातो पानी तोङ्वामा हालेको रस, घरमै पालेर वर्ष दिन पालेर राखिएको भालेको सुप, तिल मिसाएर भिजाइएको नयाँ चामलको स्वाद, यी सबै स्वास्थ्यको हिसाबले अत्यन्तै लाभ पुऱ्याउने प्राकृतिक गुण भएका औषधी समान हुन् । आगोमा तयार पकवानहरू स्वास्थ्यको हिसाबले एकदम अर्गानिक र राम्रो मानिएको हुन्छ । अझ यो दिन खाने चामल चाहिँ ढिकीमै कुटिएको हुनुपर्ने भनिन्छ । सबैजनालाई घरभित्रै अटाएर खाने प्रचलनले आगोको न्यानो तापले सेकिने पनि जनधारणा पाइन्छ । आगो हाम्रो समाजमा परम्परागत रूपमा साना बाल बालिका, बिरामी, रोगी वा सुत्केरीहरूका लागि विशेष उपचार पद्धति मानिन्छ । आगो छोएपछि भूतप्रेत भाग्ने भन्नाले वैज्ञानिक देष्टिकोणबाट हेर्दा यो किटाणुहरू नष्ट गरिने प्रक्रिया मान्न सकिन्छ । विशेष प्रकारका खाना, झोल, सूप, मुला गाजर, सलाद, लोकल चाचु खेचु (गेडागुडी), टिम्मुर र आगोमा बनाइने अर्गानिक खाना जसले शरीरलाई स्वस्थता र शुद्धता प्रदान गर्दछ । खानेकुरामा सबभन्दा प्रमुख कुरा स्वादिष्ट वाचिप्पा नै हो । यो परिकार नेवाहाङ राईहरू कै आफ्नो सिर्जना मान्न सकिन्छ, परापूर्वकालदेखि वाचिप्पा खाँदै आइरहेको हुनाले यो परिकार हाल अन्य जातिहरूले पनि सिकेर खाने, बनाउने गर्न थालेका छन् । यसमा अदुवा टिम्मुरको प्रचुर प्रयोग हुनाले शरीरलाई जाडोबाट रूघा लाग्नबाट रोक्न सक्ने क्षमताको अनुमान लगाउन सकिन्छ । यस पितृपूजामा काठ, बाँस, पातहरूको मात्र प्रयोग हुनाले वातावरणमा खास केही पनि असर पर्दैन । चमलाको पातको हरियो दुनामा वाचिप्पा दिइने र सकेसम्म हातले तातो तातो खाने प्रचलन छ । यस अवसरमा कुनै पनि किसिमको धातु वा प्लाष्टिकको प्रयोग हुँदैन । घरैमा उब्जाएका निब्जाइएका अन्न फल फलाएर घरैमा पालिने छिप्पेको कुखुराको मासु मांशको प्रयोग हुनुले नेवाहाङहरू प्रकृतिमैत्री छन् भन्ने कुराको पनि पुष्टि गर्दछ । खामाङ एकआपसमा बाँडेर खाने सामूहिक भावनाको उपज पनि हो । गाउँ घरमा कुनै कुनै घरले मात्र नबोलाउलान् कारणबस नत्र त प्रत्येक नेवाहाङ राईको घरमा अनिवार्य जम्मा हुने प्रचलन रहेको छ । पहिले पहिले मकैको भात, च्याँख्ला, ढिँडो बढी खाइरहने घरका बालबालिका नयाँ चामलको धानको मात्र भात पाक्ने यो दिन धानको भात खान पाउँदा त्यो

भन्दा मजा अरू हुँदैन थियो । उनीहरूका लागि सम्झँदा पनि त्यो भोजनभन्दा मिठो अर्को हुँदैन जस्तो अनुभव हुन्छ । वर्तमान परिप्रेक्ष्यमा आफ्ना पिताहरू र पुर्खाहरूप्रतिको आदरभावको कमी देखिँदै गइरहहेको बेला विशेष पितृपूजा खामाङको महत्त्व अझ धेरै रहेको महसुस हुँदै गइरहेको हुन्छ । गाउँघरमा भेला भएर सुख र दुःखका कुराहरू साटासाट गरिने हुनाले शान्ति प्रिय यो खामाङको विधि शान्तिमैत्री लाग्छ किनकि कुनै किसिमका गाना बजाना नगरी नितान्त शान्त वातावरणमा यो कार्य गरिन्छ । यहाँ उठान गर्न खोजिएको कुरा पनि प्रकृति प्रेमको मुद्दा नै हुनाले घर बनाउँदाका ती प्रत्येक अङ्गहरूसँग यो पितृ कार्यमा सम्बोधन गरिनु पनि वातावरणप्रतिको सचेतना, प्रकृतिप्रतिको प्रेम भन्ने नै अर्थ दिन्छ । "हे साराङ ! तिमीलाई यो आगोले कति पोल्यो होला तर तिमीले आत्था ऐया पनि भन्न पाउँदैनौ" भनेर सम्बोधनमा भन्नु प्रकृतिमा हर चिजको महत्त्व उत्तिकै हुन्छ, र सबैमा आत्मा हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ । कुखुराको भाले चढाउँदै गर्दा कुखुरासँग माफी माग्दै आज परापूर्वकालदेखि यसो गरी आयौँ, हामी तिमीसँग माफ माग्छौँ भन्दै नपर्सीउज्जेल बाचा नतोड्नु वा हतियार नचलाउनु पनि एउटा प्रकृति प्रेमको सशक्त नमुना मान्न सकिन्छ । भालेलाई आत्मीयताका साथ तिमीलाई हामीले परापूर्वकालदेखि उत्पत्ति कालदेखि शुभ-अशुभ सबै कार्यमा चलाउँदै आएका छौँ । सोही युगदेखि नै तिमीले सबै कार्यमा मेरो प्रयोग हुने छ भनि बचन दिएकाले आज शुभ कार्यमा तिमीलाई चलाउँदैछौँ । मानिस, अन्न, धातु र बस्तुहरूको उत्पत्तिकालबाट चलेको परम्परालाई अनुसरण गर्दैछौँ । आफ्नो भूमिका सहज गरिदिनु, लाठो हतियारको प्रयोगबाट निधनलाई आफ्नो कर्तव्य सम्झी हतीयार धारीलाई कुनै श्राप पाप नसम्झी सहर्ष काल स्वीकार्नू र कसैको हित विपरीत नसम्झनू भनेर भालेको शिरमा अक्षता अदुवा र जाँडले छर्किने गरिन्छ, जबसम्म कुखुराले टाउको पर्सँदैन, केही पनि गरिदैंन पर्सिएपछि मात्र कार्य सफल भएको मान्यता रहिआएको छ ।

त्यस्तै गरी घरका खम्बाहरूलाई सम्बोधन पनि त्यति नै गहिराइमा गएर गरिन्छ "यो घर थेगिरहँदा बर्षौंदेखि तिम्रो बाक्टाङ भनेको काँध कति दुख्यो होला ..."भन्दै फलाक्दछन् । ३ चुलाको महत्त्व, घरको दलिनलाई सम्बोधन, प्रत्येक चुलाको छुट्टाछुट्टै सम्बोधन, मूलढोकाको सम्बोधन अनि जस्केलाको छुट्टै सम्बोधनहरूले नेवाहाङ राईहरूको भावनात्मकता, प्रकृतिमा रहेका प्रत्येक चिजबीजसँगको आत्मीयता, घनिष्टता, सजीवता, संवेदनशीलता, मानवीयता यति गहन छ, यति गहकिलो छ कि आज आएर हामीले प्रकृतिप्रति गरेको अन्यायलाई पूरै चिन्न र चिर्न मदत पुऱ्याउँदछ । आधुनिकताले गाँजिरहेको यो वर्तमाल युगमा प्रकृतिलाई पिता पुर्खाहरू कति प्रकृतिमैत्री थिए अनि कति संवेदनशील थिए भन्ने कुराको तर्क पेस गर्नु नै यो लेखको विशेष आशय पनि हो ।

## खामाङ र भाइबन्धुत्व अर्थात् सामाजिक भावनात्मक विकास

पितृहरूको गहिरो सम्मान र सम्झना नै पितृपूजा खामाङ हो । खामाङ गर्दा सबै नाता आफन्त दाजुभाइ भेला भएर पितृहरूको सम्मानमा विभिन्न परिकारहरू बनाएर नाङ्लोमा राखेर चढाइन्छ । सबैभन्दा गाउँको जेठोपाको नेवाहाङलाई अनिवार्य घरमा बोलाइन्छ । यसले उनीहरू मान्यजनप्रति सधैँ अनुशील छन् र अनुगृहीत पनि छन् भन्ने जनाउँछ । जेठो पाकोले पितृहरूलाई बोलाउँदा शिर ढल्दैन भन्ने गरिन्छ । जति धेरै पकवानहरू चढाइन्छ त्यति नै पितृहरूको आँत भरिन्छ भन्ने मान्यता पनि रहिआएको छ । पितृहरूलाई चढाएर मात्र अन्नबालीमा हात हाल्नुपर्छ नत्र सुब्बेफाब्वे नहुने भनी नेवाहाङ समुदायहरूले आस्था बोकेका हुन्छन् । कुनै पनि नयाँ बाली

विशेष गरी धानलाई चामल बनाएर पितृलाई चढाएको प्रसाद खाएर मात्र नयाँ चामलको भात घरमा पाक्नुपर्छ भन्ने दृढ मान्यता रहेको छ, नत्र भने कान दुख्ने आदि हुन थाल्छ भनिन्छ । नेवाहाङहरू किरातकालीन युगबाटै बसोबास गरीआएका त्यहाँका आदिवासी रैथाने पुस्ताहरू हुन् । त्यहाँबाट बसाइँ सरी अन्यत्र गए तापनि मूलथलो माङतेवामा नेवाहाङ राईहरू कै बसोबास रहीआएको छ । उनीहरूको बोल्ने भाषा पनि नेवाहाङ भाषा नै हो । आफ्ना रितीरिवाज पितृ कूलपूजा नेवाहाङ भाषाबाटै पुकारिन्छ । आफ्नो भाषाको लबज बोल्ने शैली बढी राइजिङ टोन (Rising tone) मा हुने गर्छ । खामाङ गर्दा आफ्नो भाषाको प्रयोग अनिवार्य हुनुपर्ने हुन्छ । तुल र ब्राडली (१९९७ पृ. १७) तथा रापचा (२००५ पृ. ४–५) अनुसार नेवाहाङ एक भाषिका नभएर यो एक किराती नेवाहाङ भाषा नै हो । सङ्खुवासभाबाट अन्यत्र बसाइँ सरी गएका नेवाहाङहरू जहाँ जुन जिल्लामा पुगे तापनि यो पितृपूजा खामाङको पूजा गर्दै आएका छन् । किनकी, यसले कुलखानदानमा शुभ हुन्छ, पितृहरूको आशीर्वाद प्राप्त हुन्छ भन्ने गरिन्छ । कुलपितृ पूजाको ढाँचा र प्रक्रिया केही थोरै फरक भए तापनि सारतः एउटै हुन्छ । यसले गर्दा भूगोलले जति टाढा बसे पनि आसाम, दार्जिलिङ्ग, भारत, सिक्किम, यू. के. जहाँ भए पनि मूलतः खामाङको पुज्ने तरिकामा करिब करिब समानता देखिन्छ । यसलाई नेवाहाङ राईहरूको ऐक्यबद्धता, सामीप्यता, संस्कृति प्रेम, पूर्खा पिता सम्मान र सामाजिक सद्भावको एउटा मूल खम्बा संस्कृतिभित्र "खामाङ" लाई लिइनु पर्दछ ।

## खामाङ किन गर्ने ?

नेवाहाङ समुदायमा यो नुवागी वर्षमा २ पटक उधौली र उभौली (चोकसी र ताप्सी) गरिन्छ भन्ने जानकारहरूको भनाई रहे तापनि हाल यो (चोकसी-नयाँवालीमा) १ पटक मात्र गर्ने प्रचलन छ । खामाङ नेवाहाङ राईहरूको उच्च शिर हो । यो एउटा घरको रेखदेख गर्ने इतिहासदेखि मान्दै आएको नेवाहाङ संस्कार हो । नेवाहाङ राईको हरेक घर परिवार खामाङबिना अधुरो र अपुरो हुन्छ । सायद खमाङ नगर्ने नेवाहाङहरू मूलथलो सङ्खुवासभामा पाइँदैन । यो पितृहरूको सम्मानमा गरिने हुँदा घरको प्रत्येक सदस्यहरूलाई आफ्नो पिता पूर्खा (बाजे बराजु) फोवा-तुबाहरू सम्मको नाम उच्चारण गरेर सम्झना गरिने हुनाले यो अलिखित इतिहास पनि हो । किन कि घरका साना हुर्कँदै गरेका बालबालिकालाई, नयाँ बुहारीहरू र छोरी चेली सबैलाई यो मुन्दुम सुनाइन्छ । खामाङ मुन्दुम आफ्नो भाषा जान्ने सबै पुरूष र विवाहित महिलाहरू (घरपट्टिका) ले मुन्दुम फलाक्न मिल्छ । यसमा गोप्यता राखिँदैन र कसैलाई पनि नेवाहाङ राई भएमा यो सुन्न र फलाक्नबाट वञ्चित गरिँदैन । त्यसैले बूढापाकाहरूबाट अहिलेका युवा पुस्ताले पनि खामाङ मुन्दुम फलाक्न सिक्न सक्दछन् । प्राय अनिवार्य खामाङ घरमुलीको शिरमाथी राखिन्छ । किनकि सम्पूर्ण घरको रक्षा रेखदेख घरमुलीको अथवा बुबाको जिम्मेवारी हुन्छ । कतै टाढा जानुपर्दा देश परदेश हिँड्नु पऱ्यो भने एक तोङ्वा कोदोको निखुर जाँडले फिअपाबाट खामाङलाई छर्किने वा चढाउने र बोलाउने गरिन्छ । कतै टाढा जाँदा कुनै अशुभ हुनबाट रक्षा गर्नु है भन्दै इसी आना दिम् दिम् (दुःम दुःम) हाङ् हाङ् चुमानावा ! भनिन्छ यसको अर्थ तिमी यहाँ रख्खे बनेर बस्नु अडिग र अचल आफ्नो स्थानमा बसिरहनू र यो भनेको यो घरमा तिमी पितृदेवता हो, खामाङ अटल अडिग र दृढ भएर बसिरहनू भन्ने सार बुझाउँदछ । यसो गर्दा जानेहरूको वा परदेश लाग्दाका मान्छेको आत्मविश्वास बढ्छ । कतै केही नहोस् र चित्ताको काम पनि पूरा होस् भनेर आत्म विश्वास पलाउँछ । खामाङ प्रायश एकलै पूजिँदैन, को को बोलाइन्छ

भनेर घरमुलीले घरकी मुली आमासँग सरसल्लाह गरी निम्ता दिने गर्दछन् र दाजुभाइलाई बोलाउन कि आमा या बाबु भरसक घरमुली नै जाने गर्दछन् । खामाङमा आउँदा केही केही कोसेली जस्तै जाँड, तोङ्वा समेत पनि ल्याउने चलन छ । यो प्रथा ऐतिहासिक विरासत थामिरहने एक साँस्कृतिक कोसेढुङ्गा जस्तै हो । खामाङमा बोलाउनु भनेको दाजुभाइ मान्नु, मान्यता गर्नु, कुलपरिवार चिन्नु, आत्मीयता बढाउनु, वंशजको नाताले एक सदस्य हुँ भनी गौरवको रूपमा ठान्नु हो । कुनै बेला बेमेल भएमा, दाजुभाइमा कुनै कुराको विवाद रहेमा खमाङमा बोलाएपछि तुष मेटिएर जान्छ । किनकि निम्ता गर्नु वा खामाङमा आउनु भनेर बोलाउनु नै अब हामीबिच रहेको तुस मेटाऊँ भन्नु हो । खामाङमा भाषाको महत्त्व पनि उत्तिकै छ । खामाङ मुन्दुम आफ्नै भाषामा बोलाउनुपर्ने हुन्छ त्यसकारण यति त भाषा जान्नै पर्‍यो नि त भन्ने कुराको बोध युवा पुस्तामा पनि हुन्छ, कस्तो खामाङ पनि अरू भाषाबाट पुज्ने गरेको भन्छन् भनेर पनि आफ्नो भाषा सिक्ने महान प्रयत्नहरू हुन्छन् । देश परदेश बसेर, लाहुरबाट पेन्सन पकाएर वा नयाँ घरमा आएर खामाङ स्थापना गर्ने वा पुज्ने गर्दा खेरी आफ्नो संस्कार जीवितै रहेको महसुस पनि हुन्छ ।

## खामाङको बारेमा मिथक

यसमा खामाङ किन गरिन्छ भन्ने चर्चा माथी उल्लेख गरी सकिएको छ । यस बारेमा नेवाहाङ राईका पुर्खा टेक बहादुर नेवाहाङ राई भन्नुहुन्छ, परापूर्वकालमा खोक्चिलिप्पाका ३ जना दिदीहरू थिए । एकदिन खोक्चिलिप्पालाई यागाङ्मा भनेको महिला वनमान्छेले चोरेर वन जङ्गल लगेछ । यागाङ्माले उनीहरूलाई सारै दुःख दिन्थ्यो । हब्फू भनेको अमलिसोको फेदमा दिदीहरूले भाई खोक्चिलिप्पालाई लडेको देखे र भाइ मरेछ भनेर झारपातले छोपेर हिँडेछन् । उसको सिरानीमा केराको थम्बा र एउटा कर्दा राखेर हिँडेछन् । खोक्चिलिप्पा त सुतेका पो रहेछन् पछि ब्यूँझेर हेर्दा त केराको बोट र कर्दा देखेछन् । खोक्चिलिप्पालाई सारै भोक लागेछ र केरा छिटो फल भनेपछि केरा फलेछ र उसले केरा खाएछ । ऊ पछि ठुलो भएछ र नागकन्यासँग उसले बिहे गरेछ । उसले घर पनि बनाएछ र भालेले बासेछ, "खोक्चिलिप्पा हाङ्पोका" भन्दै बासेछ त्यो सुनेर दिदीहरू पनि छक्क पर्दै खोक्चिलिप्पा जिउँदो पो रहेछ भन्दै आएछन् र सबै भेट भएर रमाएछन् । यो कथाले चेली र माइतीको बिचमा कति माया ममता हुन्छ भन्ने यथेष्ट जानकारी पनि हुन्छ साथै चेलीले सधैँ माइतीको रक्षा गरेको हुन्छ भन्ने कुराको पनि हेक्का दिन्छ । सृष्टिकालदेखि किरात नेवाहाङ राईहरूको लागि घर कति महत्त्वपूर्ण रहेछ भन्ने पनि थाह लाग्छ । "परापूर्वकालमा खोक्चिलिप्पाले घर बनाएपछि उनका दिदी खेवा र लाक्छाले खामाङ राखिदिए" (राई, कैलाश, किरात नेवाहाङ राई भाषा इतिहास लेखन, २०७८) । खामाङ मान्नका लागि चेलीहरूले नै स्थापना माइतीलाई गरिदिएको भनि यो कथा कथनमा उल्लेखित गरेको पाइन्छ ।

## खामाङ गर्ने विधि

## (खामाङ हेःमा) पूजा स्थल खोपी निर्माण या श्रृङ्गार कार्य

यो पूजा स्थल खोपी घरको बनावट अनुसार फरक दिशातर्फ रहने गर्दछ । विशेष घरमुली बस्ने स्थान माथि भित्ताको कोणमा फल्याक (तख्ता) मा स्थापना गरिएको हुन्छ । वास्तुको हिसाबले इसान कोठामा रहनुपर्ने हो तर वास्तु ज्ञानको अभाव र जग जमिन, घडेरीलगायत अन्य अनुकूलताको

हिसाबले राख्ने गरिन्छ । किरात परम्पराअनुसार घरको मुली र घरकी आमा बस्ने चुला सञ्चालन गर्नेको बिचमा चुला अँगेना रहने प्रायः चलन रहेको छ । यो देवता स्थल प्रायः चोयाको फुङ्लो (मोहोला) बुनेर १४-१८ इन्चको चौडाइमा बनाइन्छ । कतिले काठको तख्ताबाट पनि चलाउँछन । यस स्थललाई मसुरे कटुसको स्याउला, बाँसको केही स्याउला, सिमलीको स्याउलाले सिँगारिन्छ । योभित्र अदुवाको केही बोट, टपरा, तोङ्वा, चिन्डो अटाउने, हुनुपर्छ । खामाङ पूजाको समयमा एक टपरी भातमा पोलपाल पारिएको अर्ध काँचो भालेको टाउको कुमसहितको ठाडो पारेर राख्नुपर्छ । तल भुइँमा पनि मालटाका सग्ला पातहरू बिच्छाएर निश्चित सङ्ख्यामा ३ वटा राखिन्छ । दुनामा अदुवाका चाना, तोङवा, टपरीमा अक्षता जाँड भरेका चिन्डो, दियो र कलशले सजाइन्छ । एक ठुलो खुर्पा पनि त्यहीसँग थानमा राखिन्छ ।

## खामाङ मुन्दुम— नेवाहाङ राई भाषामा

किरात नेवाहाङ राई भाषामा पितृहरूको सम्बोधन पुर्खा स्रोतव्यक्ति नवीन नेवाहाङ राई, हाल पथरी शनिश्चरे ७, मोरङ्गबाट यसप्रकार प्राप्त गरिएको छ :

जदेवा ये इसी कुवी आना वाछेहाङ खामाङ बरादुहाङ खामाङ् खाप्छीलुहाङ् खामाङ् चुक्नाबा ईसीगा कुबी ओप्चोङ, लाप्तेःमा चाप्पी दोक्तेःमः मा चाप्पी अलीयो चाप्पी, बेखामा चाप्पी, जीमा चाप्पी, ओब्लीङ्पा चाप्पी, कुवी सिया खोङ, विछु खोङ ए सुबी दाम्लोङ् चाचु खेचुःलोङ्, कुवी छेम्मा दी, ताम्मादी, मुकुम् दीः ए पोङ्वा बा ए आम् साय पौकनुकचीमीबा, ईक्का आम् छाप्छी चे कादुछा, पासुङ छा मुक्तुम्मी छा चे. आम् साय पोकनुक्ः चीमी बा साय पोगे, साय पोक्नुचीमीलो साय पोक्ःमाना वा कुबी सुलाम् पिअ्ःमा आए सेम्माङ्, पिःमाए नुङ्वा सनुङ्वा पुः नुङ्वा पिअः माए ।

आना कुवी चासुमी चुक्ःना बा छेबेमी चुक्ना बा मुलुमी तय्मी चुक्नाः आने कोअः वुःमा सरीमा ने ताप्तेन्नुना, खङ्वुसुङ् ने ताप्तेन्नुना, नाःबा मायेक्काःवा कुँःजो दोहा ने ताप्तेन्नुना खुः मा-चुङ्मा ने ताप्तेन्नुना चासुमी-छेवेमी माःवःमी पुकःमाना बा फोऊ कुवी चासुप्पी छुकुवायेङ् दोहाने ताप्तेन्मानाबा फोऊ ।

## चुला-अगेना (खुवारी छुमीहाङ) सम्बोधन

आना कुवि खुवारी छुमीहाङ चुक ःनाबा वाछिहाङ खुवी आना चासुमी छेबेमी चुक्नावा आना एमाः लो चेक चेक लुङ् टेक टेक लुङ् बाके लेत्तानाबा कुवी दुम् दुम् हाङ् हाङ् चुमानावा कोवाङ् दोगे-मोरोग्गे आलाःमाः वा अनेगाः चासुम दुमीः नुक्नामाङ् इक्का चाकीक्का अति आचेःमाना वा फोउ भन्दै (साः बाः वा) सम्पूर्ण खाद्यवस्तुको मिश्रणले हल्का छर्किनु पर्छ ।

## चुला माखालुङ, पाखालुङ, ताबाङलुङ (साम्वेलुङ) सम्बोधन

**माखालुङ–** आना कुवी माअ चूक्नावा आने चासुम् ओप्तेःनुक्ना, बेङ्नुना, चासुम हाम्नुक्ना ,वाछेःवारे लुक्ना आनाङा फोउ चासुमी छेवेमी साई पोगोऊ- भन्दै (साबाःवा) सम्पूर्ण खाद्यवस्तुहरू को मिश्रित झोलले छर्किने गरिन्छ ।

**पाखालुङ–** आना कुवी पा पाखालुड चुक्नावा आने को वाछेहाङ खुवी ईमिःमाङ् चुक्लो-माआलो

खाङ्नुना ओप्तेनुक्ना, बेक्तेनुना, आने कुवी आम् याङ्मेन्-छाप्छीःची राख्खे मुक्ना इसी कुवी साय पोगेमाङ् दुम् दुम् हाङ् हाङ् चूमानावा फोऊ भन्दै (साबा. वा) ले छर्किनु पर्छ ।

**ताबाङलुङ-** आने कुवी ताबाङ् ताकबाची इष्ट-मित्र (ज्वाई भान्जा) आने ओप्तेक्नुन,ा वेङ्नुः चिना नुखरी दोहा तेः नुक्चिना, ईःखारी, मुक्चेरेः वा नाप्चेरेः वा दोहा ताप्तेम्मावा फोऊ : -कुबी आनिन् छुः मीःए इस्सीकानीन्लो ने चेगा निन्नहौ, आच्चेग्माबा फोऊ भन्दै -आगो छुमी) लाई पनि सम्बोधन गर्नु पर्छ ।

यी भाषिक सम्बोधनहरू नेवाहाङ भित्र पनि पाछा भिन्न भएका समुदायहरूमा शब्द सम्बोधन फरक हुन सक्छ । कति शब्दहरू अति गहिराइमा पुग्छ भने कति सामान्य हुन पनि सक्छ ।

## पोङ्वामा-भाले कुखुरा सम्बोधन

आना पोङ्वा पोखा रिचीला, मिना पोखा हल्कुम्बु, काँसो पोखा किरीरी, तामो पोखा लुकचीरी, चासुम पोखा चापोःला छाेःवा पोखा वाःसील्ला त आना एमाः लोः ङा नुखरी बीःने ईखारी विःने चाङमाए माङ् आना पोङबामा ए कवुल मुतेः ना माङ गो. ईसी गो आना नुखरीवी वाछेहाङ खामाक्पी याङनुकचीमीबा सुलाम पिः माए आने नाप्छीरी नाम्दामा ने लेकाबा ईसी कुबी पासुङ छा ए, खोचि खोः वावीए दुचि दुः मारीलोङ आप्चोवा वि चोक्नुः लो नुलो ताअ्बे छेल्ले आयुङ्मावा मुःवारी आखाङवुमाबा फोऊ ।

## (साराङ) दाख्खेलाई सम्बोधन

माथि मुख्य कुल थान पछि आगो र चुलोलाई सम्बोधन भयो । अब चुला माथि झुन्डयाइएको (साराङ) चोयाको भार जसलाई दाख्खे भनिन्छ । यी लगायतकालाई नेवाहाङ भाषाबाट आह्वान गर्नुपर्ने हुन्छ ।

आना कुबी दाख्खे चुक्नावा आना खेःची खेःमारी आना कुवी चासुमी चूक्नावा आना मुसाङ्ए मेखुम्माए ला्ःकसीनुलो ने आयरिने कातोक्ः नानी, आने सुभबुक्ः नाहा, चामाहा ओप्नुना, चामाह-बुमाहा बेची बेङ्नुना, ओची ओप्नुःना ,को वाछेहाङ् खुवी दुम दुम हाङ् हाङ् चूःमाना फोऊ ....... भन्दै सावाः वा खाद्य मिश्रित झोलले छर्किनु पर्छ ।

## लुम्दाखा खोःमाा सानो साराङलाई सम्बोधन

यो दाख्खे भन्दा अझ माथि सिलीङमा झुन्डिएको एक अर्को खोःमा भन्ने  सानो साराङ जस्तो रहन्छ । जसलाई लुम्दाखी नेवाहाङ भाषामा छिती छिम्मारी लुम्दाखा भनिन्छ- नेवाहाङ भाषाबाट कुबी आना छिती छिम्मारी चूक्नावा, आना चासुमी चुक्नावा, आने कुबी याङ्माहा चूम ओप्नुना-बेङनुना आना कुवी मेखुम्मालोङ ङा-दाम्-छोङ् दाम् दिवुः सा चूङ्नकुना, आने कुवी खिसा सा, बुःसा सा, भारामा सा, ओप्साःलाः बेक्तेः मा ब,ा खोक्चूःवा, बोवःलुःवा, लाङ्वे दोहा चिलुप यूङ्माःवा, आने चासुम ओप्नुन,ा आने मोलुहाङ खुवी नुखारी तेः नु ना बा, आने आम् साय पोः नुक् चीमीलो साय पोक्माना वा फोऊ  भन्दै सावाः वा खाद्य मिश्रति झोलले छर्किनु पर्छ ।

## मूल खम्बालाई सम्बोधन

माथि उल्लेख भएअनुसार क्रमस मूल खम्बालाई पनि नेवाहाङ भाषामा सम्बोधन गर्नु पर्छ ।

आना कुवी पाची केःमा चूकनावा, कुवी आने खुम् ठोक्नुना, आम् बाक्टाङ् टुक्सी होला । आगाए ने काटोक्ः नाःनी, एमाःलोः ङाः चाप फोवा चे थुङ्दाः लाःवा चुक्नावा, अति आसोङ मानाःवा वाछेहाङ् खुबी दुम् दुम् हाङ् हाङ् चूमाना बा , आना चासुमी छेःवेमी पुः क्माना बा आम साय पोक्नुक्ः चिमीलो साय-पोकमाना फोऊ भन्दै सावाः वा खाद्य मिश्रित झोलले छर्किनु पर्छ ।

## सहायक खम्वालाई सम्बोधन

आना कुबी माछीटाङ् चूकनावा आना चासुमी, छेवेमी, माकवेमी चूक्नाःवा, आने चासुम सह ओप्नुना, बाक्टाङ् टुक्सी हाङ्ने आगाए काटोक्नानी, मेखुम्माए लाक्सी लोः ने आना अति, अच्चेगमाना बा दुम् दुम् चूमाना फोऊ भन्दै सावाः वा (चमलाको पात) ले खाद्य मिश्रित झोलले छर्किनु पर्छ ।

## दलिनलाई सम्बोधन

यसरी सम्पूर्ण घरमा प्रयोग भएका दलिनलगायत काठपातहरूलाई सम्बोधन नेवाहाङ भाषामा गर्नु पर्दछ ।

आनिन् कुवी बाकटाङ्लुङ् छोराः सुड, आग्राः सुङ, आग्राः सुङ् मी ने साय पोकनुक्मीवा फोऊ साय पोक्मानावा साय पोगानीन् होऊ त भन्दै सावाः वा (पात) लेखाद्य मिश्रित झोलले छर्किनु पर्छ ।

घरमा सोही वर्ष घरको कोही सदस्य बितेको भए अझ नयाँ र पुराना मृत आत्मा (शिक्ला हाङ्मा) हरूलाई उपलब्ध भएसम्म माछा-सुँगुरको मासु (बाक्सा) दुध-दही, फल-फूल जाँड-रक्सी, मह, फर्सी, मृगको मासु (छोङ्वाःदाम्, ङाःदाम्, खिसादाम्) चाचु खेचु भन्नले गेडागुडीलगायत अन्य दाल भातको थोरै थोरै अंश पात वा दुनामा तयार पारी नाङ्लोमा सजाएर अहवान गर्नु पर्छ (बोलाउनु) सके जाने सम्म पुस्तौँ पुस्ताका मृत आत्माहरूलाई सम्बोधन गर्नुपर्छ । यो कार्य सकिएपछि अलि टाढा एकान्तमा लगेर सेलाउनु पर्छ ।

## चाहिने सामग्रीहरू

नयाँ चामल -सिया, अदुवा (विछु), चिन्डो, तोङ्वा, मुसुरे कटुस, बाँस,, चोया, कुखुराको भाले, चमलाको पात, सिन्का, दुना टपरा, अमलिसोको पात, फिपा, जाँड, गेडागुडी, भटमास, मह, दूध, दही, सुँगुरको, टिमूर, मासु (बाक्सा), (ङादाम) माछा, रक्सी आदि ।

## खामाङ मुन्दुम नेपालीमा भाषा अनुवाद सार

आज यहाँको छोरा नातीहरूले नयाँ अन्न बालीको पहिलो प्रसाद अर्पण गर्न लागेका छौँ । तपाईँ हाम्रो कुल पिता हुनुहुन्छ । यहाँ नयाँ अन्नहरूमा विभिन्न प्रजातिका धानहरूको सहसहित गेडा-गुडी लहरे बाली यो (दोङ) सालमा फलेको अर्पण गर्दै शिर उठाउन लागेका छौँ । शिर उठ्नू र हामीलाई आशीर्वाद दिनुहोला, तपाई सहकालका पिता हुनुहुन्छ, सम्पत्तिका धनी गरगहनाका मालिक हुनुहुन्छ, लक्ष्मी-कुवेरका संरक्षक हुनुहुन्छ । आज तपाईँको पाउमा नमन गर्दैछौँ वस्तु भाउ अन्नबालीको

संरक्षण गदिदिनु होला, लाटा बैह्रा लङ्गडो हुनबाट रक्षा गर्नुहोला भै-भगडाबाट, शत्रु-बैरीबाट रक्षा दिनु होला अन्तत तपाईँ कालका पनि संरक्षक सम्भेका छौँ, हाम्रो यही पुकार छ, सेवा !

## निष्कर्ष

किरात नेवाहाङ राई समाज स्थापना हुनुको प्रमुख उद्देश्य नै आफ्नो कुल, संस्कार, संस्कृति, भाषा र धर्मको जगेर्ना गर्नु रहेको छ । बसाइँसराइको चपेटामा परेर आ-आफ्नो मूलथलो छोडेर गए तापनि आफ्नो संस्कृति नहराओस् भनेर सम्पूर्ण किरात नेवाहाङ राईहरूले उधौली उभौली पर्व, साखेवा पूजा (भूमिपूजा) र पितृ पूजा खामाङ अपरिहार्य र अनिवार्य बनाइएको छ । बसाइँसराइ र शहरीकरणका कारण भाषा लोप भएर गइरहेको छ । त्यसकारण खामाङ मुन्दुम फलाक्दा पाखालुङ माखालुङ  ताबाङलुङ, सियाखोङ विछुखोङ, फोवा, तुबा, चम्ला बाः वा, सिप्फू वा, सुङ्वा, विछु, एनामा, सिया भन्दै आफ्ना भाषाका शब्दहरू  सिकाइ हुने छ । यो एक पुस्तादेखि अर्को पुस्तालाई हस्तान्तरण गर्ने सिपशैली थुतुरीवेद (कसैले यस कुराको विरोध पनि गरेको पाइन्छ) अर्थात् किराती मुन्दुमी परम्परा हो । टाढा टाढा देश परदेशबाट घर आउँदा सम्भेर आउने एक रक्षक, पुजेर यात्रामा निस्कने चलन, आशीर्वाद अग्रजबाट लिनुपर्छ भन्ने कुराको मेन्टरसीप -परम्परागत संस्कृति हस्तान्तरण) प्रथा पनि हो । प्रकृति देवताका रूपमा पुजिने हाम्रो एक रक्षक हुनुहुन्छ, तिनै प्रकृतिप्रति हामी अनुग्रहित छौँ भनेर नयाँ बाली फलोस् फुलोस् र हामीलाई अन्नबालीले भरपेट खान पुगिरहोस् भनेर प्रकृतिप्रतिको आस्था जगाइरहने यो एक मौलिक संस्कृतिमा आधारित अनुगृहित पूजा अनुष्ठान हो । आफूबाट टाढा बनेका शत्रुलाई पनि मित्र बनाओस्, मित्रभाव जगाओस् भनेर यो खामाङ् पूज्नाले भाइ बन्धुत्वभाव भ्रातृत्वभाव पनि वृद्धि गरिदिने हुनाले यो एक शान्ति संवाहक पूजाको रूपमा पनि मान्न सकिन्छ । साथै पुराना पुर्खाहरूको जमघटमार्फत नयाँ पुस्तालाई जोड्ने एउटा साँघु अथवा सामीप्यताको एक प्रतीक पनि हो । बिश्वजनिन प्रकृति यस नेवाहाङ राई समुदायका लागि सदासदाका लागि अनन्य मित्र शक्तिदेव सरह छन् ।

## सन्दर्भ सामग्रीसूची


राई, कैलाश कुमार (२०७८). *नेवाहाङ राई भाषाको इतिहास.* भाषा आयोग ।

श्रीपोस (२०८०). *किरात पिल्मो राई जाति.* किरात पिल्मो राई भाषा तथा संस्कृति उत्थान संघ ।

शर्मा, जनकलाल (२०३९). *हाम्रो समाज : एक अध्ययन.* साझा प्रकाशन ।

रापचा, लाल (२०६५) *इण्डो नेपाल किराती भाषाहरू : विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरू.* किरातविज्ञान अध्ययन संस्थान ।

राई, तारामणि र चाम्लिङ, भोगीराज (२०७५). *किरात र सुप्तुलुङ.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगनखेल ।

Marhaya, L. (2014). Application of Vigosky's social constructivism theory on lecturers' perspective of supplemental instruction peer facilitation model. *Mediterranean Journal of Social Sciences, 5(11),* 37-42.

Lincoln, Y. S. (Ed.) (2005). *The Sage handbook of qualitative research*. Sage.


## स्रोतव्यक्ति

नवीन नेवाहाङ राई, हाल पथरी शनिश्चरे ७ मोरङ्ग, वर्ष ५७ ।

छत्र बहादुर नेवाहाङ राई, हाल इटहरी उ.न.पा. ६ सुनसरी, वर्ष ६९ ।

टेक बहादुर नेवाहाङ राई, हाल धरान उ.न.पा. २० भालढुङ्गा सुनसरी, वर्ष ७० ।

एकराज नेवाहाङ राई, हाल प्रकाशपुर चक्रघट्टी सुनसरी (मुन्दुमी पुर्खा), वर्ष ७० ।

चतुरमान नेवाहाङ राई, हाल माङतेवा सिलिचोङ्ग गा. पा. ६ सङ् खुवासभा - मुन्दुमी पुर्खा, वर्ष ७१ ।

याम्बा नेवाहाङ राई, हाल माङतेवा सिलिचोङ्ग गा. पा. ६ सङ्खुवासभा (पुर्खा), वर्ष ६८ ।

दल बहादुर नेवाहाङ राई, हाल माङतेवा सिलिचोङ्ग गा. पा. ६ सङ्खुवासभा (माक्पा), वर्ष ४५ ।

सुवर्ण नेवाहाङ राई, हाल माङतेवा सिलिचोङ्ग गा. पा. ६ सङ्खुवासभा (मुन्दुमी पुर्खा), वर्ष ५४ ।